**कोहलपुर नगरपालिका**

# स्थानीय राजपत्र

| खण्ड: ०६ | संख्या: १३ | मिति: २०७९/११/२७ |
|---|---|---|

**भाग - ०२**

**कोहलपुर नगरपालिका**


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) र कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को उपदफा (४) को (१) बमोजिम कोहलपुर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०७९

**प्रस्तावना :** कोहलपुर नगरपालिकाले विशेष गर्भवती, सुत्केरी, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति र सर्पले डसेका व्यक्तिहरुलाई आकास्मिक उपचारकालागि निशुल्क र अन्य नागरिककालागि न्यूनतम शुल्क लिई घरबाट स्वास्थ्य संस्था सम्म आकस्मिक उपचारका लागि पुग्नु पर्ने अवस्था आएमा एम्बुलेन्स सेवा प्रदान गर्न वाञ्छनिय भएकोले कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ दफा (४) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरी लागु गरेको छ।

### परिच्छेद- १
### संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) “ऐन” भन्नाले कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ।

ख) “नगरपालिका " भन्नाले कोहलपुर नगरपालिका सम्झनु पर्छ।

ग) “कार्यपालिका” भन्नाले कोहलपुर नगरकार्यपालिका लाई सम्झनु पर्छ।

घ) “प्रमुख” भन्नाले कोहलपुर नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।

ङ) “उपप्रमुख” भन्नाले नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ।

च) “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कोहलपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

छ) “स्वास्थ्य शाखा " भन्नाले कोहलपुर नगरपालिकामा रहेको स्वास्थ्य शाखालाई सम्झनु पर्छ।

ज) “चालक" भन्नाले एम्बुलेन्स संचालन गर्न नगरपालिकाले पारिश्रमिक, ज्याला वा भत्ता उपलब्ध गराउने गरी खटाएको हलुका सवारी चालक सम्झनुपर्छ। सो शब्दले सट्टामा कामगर्न खटिएको चालक समेत बुझाउनेछ।

झ) "भाडा" भन्नाले जिल्ला एम्बुलेन्स ब्यवस्थापन समिति वा यस कार्यविधि बमोजिम तय भएको एम्बुलेन्स प्रयोग गरेवापत लाग्ने एम्बुलेन्स सेवा शुल्क रकम सम्झनुपर्छ।

ञ) “ब्यवस्थापक अधिकृत" भन्नाले यस कार्यविधि बमोजिम एम्बुलेन्सको रेखदेख गरी चालकलाई काममा लगाउने प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगरपालिकाको विपद वा स्वास्थ्य हेर्ने अधिकृत सम्झनुपर्छ।

## परिच्छेद २

## एम्बुलेन्स संचालन सम्बन्धी व्यवस्था

३. **नगरपालिका आफैले संचालन गर्दा :** (१) नगरपालिकाले आफै संचालन गर्दा देहायका विषय सुनिश्चित हुनुपर्नेछ

क) चौबिसै घण्टा खटिन हलुका सवारी चालक २ (दुई) जना वा अतिरिक्त समय २४ सै घण्टा काम गर्दा भत्ता दिने गरी तोकिएको एकजना,

ख) वार्षिक रुपमा मर्मत सम्भार तथा ईन्धनको ब्यवस्था भएको,

ग) टेलीफोन सहितको एम्बुलेन्स चालक कक्ष वा चालक अनकलमा उपस्थित हुन सक्ने ब्यवस्था,

घ) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिले निर्धारण गरेका अन्य विषयहरु

(२) एम्वुलेन्स संचालन तथा ब्यवस्थापनका लागि प्रमुख प्रशासकीय अधिकृत एवं तोकिएको लेखा कर्मचारीबाट संचालन हुने गरी एउटा छुट्टै कोष खडा गरिनेछ सो कोषमा प्रत्येक वर्ष नगरपालिकाले लिने वार्षिक बजेटमै जम्मा गरि कोषको वृद्धि गरिनेछ।

(३) एम्वुलेन्स संचालन तथा ब्यवस्थापन कोषमा वार्षिक रुपमा नगरपालिकाले जम्मा गर्ने रकमका अतिरिक्त एम्वुलेन्स सेवा शुल्क, भाडा, एम्वुलेन्स संचालन तथा व्यवस्थापनका लागि प्राप्त अनुदान, आर्थिक सहयोग जस्ता रकम समेत जम्मा गरिनेछ।

(४) उपदफा (३) बमोजिमको कोषवाट एम्वुलेन्स संचालन तथा ब्यवस्थापनका लागि ईन्धन, मर्मत सम्भार, चालकको खाना खाजा खर्च, दैनिक तथा अन्य भत्ताहरु, अक्सिजन तथा एम्बुलेन्समा प्रयोग हुने सवै खर्चहरु गरिनेछ।

४. **अन्य संघ संस्था तथा नीजि क्षेत्रद्धारा संचालन :** (१) नगरपालिकाले शर्त सहित सम्झौता गरी कुनै पनि गैरनाफामुलक, इच्छुक एम्वुलेन्स संचालन गर्न सक्ने संघ संस्था तथा नीजि क्षेत्रहरुवाट सेवा संचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संस्था छनौट गर्न कम्तीमा ७ (सात) दिनको सार्वजनिक सूचना स्थानीय पत्रपत्रिका, नगरपालिकाको वेबसाईट, फेशबुक पेज लगायतमा सूचना प्रकाशन गरी प्राप्त प्रस्तावहरु मध्ये कुनै एकलाई छनौट गर्नुपर्नेछ।

(३) छनौटका आधारहरुमा संस्थागत क्षमता, अनुभव, लागत साझेदारी प्रस्तावित रकम र मितब्ययीतालाई विशेष ध्यान दिइ प्रस्तावको मूल्याकन कार्यालयले गर्नेछ।

(४) छनौट भएको संस्थालाई नगरकार्यपालिकाको निर्णयानुसार सम्झौता गरी एम्वुलेन्स संचालनका लागि हस्तान्तरण गरिनेछ।

(५) संस्थामार्फत एम्बुलेन्स संचालन गर्दा यसरी छनौट भएको संस्था र नगरपालिकाद्वारा संचालित एम्बुलेन्स भनी एम्बुलेन्सको देखिने भागमा लेख्नुपर्नेछ।

**४क. एम्बुलेन्स संचालनको ब्यवस्थापनः** (१) यस कार्यविधिमा अन्यथा ब्यवस्था भएको बाहेक एम्बुलेन्स संचालन गर्दा देहाय बमोजिम हुनेछ :

क) एम्बुलेन्स भाडा जिल्ला एम्बुलेन्स ब्यवस्थापन समितिले निर्धारण गरेको वा नगरपालिकाको आर्थिक ऐनमा वा कार्यपालिकाले तोके बमोजिम हुनेछ।

ख) नगरपालिका स्थायी ठेगाना भएका गर्भवती महिलाहरु मध्ये आकस्मिक रुपमा अस्पताल तथा स्वास्थ्य संस्थामा उपचारका लागि जानुपर्ने भएमा स्वास्थ्य संस्थाबाट प्रदान गरिएको गर्भवती जाँच कार्ड (ANC Checkup card) को आधारमा अस्पताल जाँदा शत प्रतिशत र अस्पतालबाट घर फर्कदा २५ प्रतिशत छुट दिईनेछ। नगरपालिकाको कर्मचारी तथा पदाधिकारी आफै बिरामी भएमा निःशुल्क सेवा दिईनेछ।

ग) बेबारिसे बिरामी, कुनै पनि दुर्घटना भई आकस्मिक अस्पताल पुराउनुपर्ने बिरामी, वडाको लिखित सिफारिसमा प्रमुखको आदेश भएमा द्वन्द्व वा हिँसा पीडीत भई आफ्नो उपचार खर्च गर्न नसक्ने अति विपन्न बिरामीलाई जिल्ला भित्रको प्रथम बिन्दु अस्पताल सम्म निशुल्क सेवा दिईनेछ,

घ) कोहलपुरका स्थानीय बासिन्दा बिरामीलाई एम्बुलेन्स सेवा प्रयोग गरेवापत जिल्ला भित्र भएमा २५ प्रतिशत एवं जिल्ला बाहिर भएमा १५ प्रतिशत छुट उपलब्ध गराईनेछ।

ङ) यस कार्यविधि बमोजिम स्थानीय बासी वापत छुट दिंदा नगरबासी भएको प्रमाणको रुपमा जन्मदर्ता, नागरिकता प्रमाणपत्र, विवाहदर्ता बसाईसराई प्रमाण पत्र, राष्ट्रिय परिचयपत्र वा राहदानी लाई आधार मानी सो प्रमाणको प्रतिलिपी हार्ड वा सफ्ट कपी चालकले लिनुपर्नेछ ।कर्मचारी तथा जनप्रतिनिधीको हकमा बहालवाला भएको परिचयपत्रको प्रमाण संलग्नु गर्नुपर्नेछ।

च) निःशुल्क तथा छूटमा एम्बुलेन्स सेवा प्रदान गरेको विवरण छुट्टै रजिष्टर खडा गरी चालकले ब्यवस्थापक अधिकृत मार्फत राखी मासिक नगरपालिकामा प्रतिवेदन गरी हिसाब मिलान गर्नुपर्नेछ।

छ) आकस्मिक र गर्भवती महिलाहरुले प्रयोग नगरेको अवस्थामा एम्बुलेन्स खाली रहेछ भने अन्य विरामीको हकमा तोकिएको भाडा रकम लिई एम्बुलेन्स सेवा दिईनेछ। एकैसाथ एकभन्दा बढी स्थानबाट एम्बुलेन्सको माग भएमा सर्वप्रथम अन्य सवारी साधन सहजै उपलब्ध नहुने वडाका नागरिकलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।

(२) अन्य संस्था वा नीजि क्षेत्रबाट संचालन भएको खण्डमाः

क) सुत्केरी हुन जाने महिलालाई सेवा दिन कुनै कारणले वञ्चित गर्न पाइने छैन, नगरपालिकावाट प्रदान भएको एम्वुलेन्स अन्य व्यक्तिलाई लिइ एम्वुलेन्स वाहिर गएका वखत वैकल्पिक एम्वुलेन्सको ब्यवस्थापन गर्नु पर्नेछ।

ख) एम्वुलेन्स संचालन गर्ने संस्थाले एम्वुलेन्स संचालनका लागि संचालन खर्च प्रस्तावमा स्वीकृत भए बमोजिम नगरपालिकावाट वार्षिकरुपमा अधिकतम् रु ३,०००००।- ( तीन लाख मात्र) सम्म माग गर्न सक्नेछ। सोही खर्चले एम्वुलेन्सको नियमित मर्मत, इन्धन तथा डाइभर खर्चको व्यवस्थापन गर्नु पर्नेछ। (च) एम्बुलेन्स सेवा २४ सै घण्टा संचालनको जिम्मेवारी प्रस्तावक संस्थाको हुनेछ।

ग) एम्वुलेन्समा जुनसुकै कारणले क्षति हुन वा हानी नोक्सानी हुनगएमा यसको व्ययभार प्रस्तावक संस्थाले बहन गर्नेछ।

**४ख. संचालन तथा चालकको राजश्व एवं खर्च ब्यवस्थापनः** (१) यस दफा बमोजिम एम्बुलेन्स संचालन गर्दा देहाय बमोजिमका खर्च कोषबाट गरिनेछः

क) एम्बुलेन्सको ईन्धन, मोबिल, मर्मत, धुलाई तथा सर्भिसिङ्ग खर्च, अक्सिजन फिलिङ् गर्ने खर्च,

ख) चालकको तलब, ज्याला, अतिरिक्त समय काम गरेको भत्ता, जिल्ला बाहिर गएको खण्डमा सवारी चालकको नियमानुसार पाउने दैनिक भ्रमण तथा भत्ता वापतको खर्च ,

ग) प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गरेका एम्बुलेन्स संचालनको बेला आईपर्ने आकस्मिक तथा नियमित खर्चहरु

(२) जिल्ला तथा जिल्ला बाहिर संचालन गर्दा देहायबमोजिम हुनेछः

क) अस्पताल सम्म जाँदा चालकले पूरा भाडा वा नियमानुसारको छुट पश्चातको भाडा लिई रसिद काट्नुपर्नेछ ।छुट पश्चात हुने शून्य बिलिङ् को समेत रसिद जारी गरी हिसाब दुरुस्त राख्नुपर्नेछ ।

ख) अस्पतालबाट फर्कँदा कुनै बिरामी पाएमा सो स्थानसम्मको तोकिएको नियमानुसार हुन आउने भाडामा ५० प्रतिशत छुट दिई रसिद काटेर ल्याउनुपर्नेछ, अन्यथा रित्तै फर्कनुपर्नेछ ।

ग) बिरामी पुर्याएर फर्किँदा अन्य बिरामी ल्याउने प्रयोजनका लागि जिल्ला बाहिर भएमा बढिमा एक दिन थप तथा जिल्ला भित्र भएमा बढिमा एक घण्टा थप समय भित्र फिर्ता हुनुपर्नेछ।

(३) जिल्ला बाहिर गएर एकैदिनमा फर्कन नसकी बास बस्नुपर्ने अवस्था भएमा दैनिक तथा भ्रमण खर्च  नियमानुसार उपलब्ध हुनेछ । आते र जाते गरेर ५ घण्टाभन्दा बढी लाग्ने तर बास बस्नु नपर्ने  स्थानमा बिरामी लिन वा छोड्न जाँदा चालकलाई खाना खाजा वापत एकमुष्ट रु एकहजार उपलब्ध गराईनेछ ।

(४) चौबिसै घण्टा काम गर्ने ब्यवस्था मिलाउन दुई जना चालकको ब्यवस्था नभएको अवस्थामा एउटै चालकलाई अतिरिक्त समय काममा लगाउनु परेमा निजलाई प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार निजले मासिक पाउने रकमको बढिमा २५ प्रतिशत अतिरिक्त भत्ता उपलब्ध गराई काममा लगाउन सकिनेछ । साथै नगरपालिकामै रहेका अन्य सवारी चालकहरुले आलोपालो हुने ब्यवस्था मिलाएमा बैकल्पिक चालकलाई २५ प्रतिशतका दरले हुन आउने रकम उपलब्ध गराईने छ ।

(५) उपदफा (३) बमोजिमको एवं बाटोमा ईन्धन, मर्मत, अक्सिजन भर्ने लगायतका आकस्मिक खर्च गर्ने प्रयोजनार्थ आर्थिक वर्षको अन्तिम सम्म हिसाब मिलान वा फछ्यौट गरी पुनः लिन पाउने गरी बढिमा ५० हजार रुपैया पेश्की उपलब्ध गराईनेछ ।

(६) यस कार्यविधिको प्रयोजनार्थ स्थायी, अस्थायी, करार, ज्यालादारी वा पटके रुपमा काममा लगाईने वा आलोपालोमा सट्टामा रहेको चालकलाई समेत दैनिक तथा भ्रमण खर्च एवं पेश्की दिन बाधा पर्ने छैन ।

(७) यस कार्यविधि बमोजिम लिईने भाडाको लागि नगदी रसिद एवं अभिलेख खडा गर्ने रजिष्टर नगरपालिकाको राजश्व शाखाबाट ब्यवस्थापक अधिकृतको रोहबरमा प्रमाणित गरी दिनुपर्नेछ । यस्तो अभिलेख प्रत्येक तीनतीन महिनामा अद्यावधिक गरी हिसाब मिलान तथा भिडान गर्नुपर्नेछ।

(८) सञ्चालनमा रहेको एम्बुलेन्स लामो अवधिको लागि बाहिर गएमा, बिग्रिएर मर्मतमा गएमा वा कुनै विपद वा महामारी वा बिरामीको अत्याधिक चापको कारणले एम्बुलेन्स संख्या थप गर्नुपरेमा कार्यपालिकाको निर्णय अनुसार भाडामा लिई थप एम्बुलेन्स सञ्चालन गर्न सकिनेछ ।

५. **समिति सम्बन्धी व्यवस्थाः** (१) एम्वुलेन्सको संचालन, ब्यवस्थापन गर्न देहाय वमोजिमको एम्बुलेन्स संचालन तथा ब्यवस्थापन समिति रहनेछ ।

| | | | |
|---|---|---|---|
| क) | नगर प्रमुख वा नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य | - | संयोजक |
| ख) | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत | - | सदस्य |
| ग) | कार्यपालिकाले तोकेका एकजना महिला सहित ३ जना | - | सदस्य |
| घ) | नगर प्रमुखले तोकेको एक जना स्वास्थ्य स्वंयमसेवीका | - | सदस्य |
| ङ) | स्वास्थ्य शाखा प्रमुख | - | सदस्य सचिव |

समितिमा संयोजकले आवश्यकतानुसार विषयसंग सम्वन्धित पदाधिकारी, कर्मचारी, स्वयंसेवक तथा अन्य ब्यक्तिलाई आमन्त्रण गरि परार्श लिन सक्नेछ ।

(२) एम्वुलेन्स संचालन तथा व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) एम्वुलेन्स संचालन व्यवस्थापनमा देखिएका समस्या समाधानमा सहजीकरण गर्ने ।

ख) एम्वुलेन्सको सहि सदुपयोग गराउने तथा २४ सै घण्टा एम्बुलेन्स संचालनको सुनिश्चितता ल्याउने

ग) एम्वुलेन्स संचालन तथा ब्यवस्थापन कोषको परिचालन तथा सम्वन्धित क्षेत्रको प्रर्वद्धनमा खर्च गरी सोको विवरण कार्यपालिका समक्ष पेश गर्ने ।

घ) एम्वुलेन्स सेवा दिन नसकिने स्थानका गर्भवती तथा महिलाका लागि वैकल्पिक यातायात साधनको प्रर्वन्ध गर्ने ।

ङ) यस समितिवाट भए गरेको गति विधि तथा एम्बुलेन्स सेवा संचालन सम्वन्धिको त्रैमासिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्ने छ ।

च) कार्यपालिकाले जिम्मेवारी दिएका क्षेत्रगत अन्य कार्यमा सहयोग एवं सहजीकरण गर्ने ।

६. कोहलपुर नगरपालिकाका नगर उपप्रमुखको संयोजकत्वमा रहेको समितिले अनुगमन र सुपरवेक्षण गर्नेछ ।

७. **संचालनको विधि :** एम्बुलेन्स संचालनको लागि नगरपालिका आफैले गर्ने वा संस्थामार्फत गर्ने भन्ने विधि दफा ५ बमोजिमको समितिको सिफारिसमा नगरकार्यपालिकाको निर्णयानुसार तय हुनेछ ।

८. **बाधा अडकाउ फुकाउन र व्यख्या गर्न सक्नेः** नगरकार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधा अड्काउ फुकाउन सक्नेछ । कार्यपालिका बस्न नसकी कुनै निर्णय आकस्मिक गर्नुपर्ने भएमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा प्रमुखले आदेश गरी कार्य संचालन गर्न सकिनेछ ।

**प्रमाणीकरण मिति:**

**मिति: २०७९/११/२६**

**आज्ञाले**

**टिकाराम ढकाल**

**प्रमुख प्रशासकीय अधिकृत**